# दुईतर्फी मूल्य निर्धारणको परिचय

**Introduction to two-way pricing - Nepali Translation**



## सौर्य निर्यात गर्ने ग्राहकहरूको लागि दुई तर्फी मूल्य निर्धारण

धेरैको घरको छतमा सौर्य प्यानलहरू जडान गरियको हुन्छन्। यी प्यानलहरूले सूर्यको ऊर्जा सङ्कलन गरी बिजुलीमा परिवर्तन गर्छन्। तपाईंले यो बिजुली आफ्नो घरमा प्रयोग गर्न सक्नुहुन्छ। यदि बिजुली बचत हुन्छे भने, बाँकी बिजुली ग्रिडमा फिर्ता पठाइन्छ यसलाई निर्यात भनिन्छ।

दिनको मध्यभागमा बढी भयेको ऊर्जा निर्यात व्यवस्थापन गर्नका लागि, Ausgrid जस्ता बिजुली वितरण कम्पनीहरूले 'दुई तर्फी मूल्य निर्धारण' लागू गर्न थालेका छन्।

## दुई तर्फी मूल्य निर्धारण भनेको के हो?

दुई तर्फी मूल्य निर्धारण भनेको सौर्य ऊर्जा व्यवस्थापन गर्ने नयाँ तरिका हो। यसमा तीन मुख्य भाग छन्:

**१ .निःशुल्क सीमा** : हरेक महिनामा बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म निश्चित मात्रामा सौर्य ऊर्जा ग्रिडमा निःशुल्क पठाउन सकिन्छ।

**२.शुल्क :** यदि बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म निःशुल्क सीमाभन्दा बढी सौर्य ग्रिडमा पठाइयो भने, त्यसमा शुल्क लाग्छ।

**३ .पुरस्कार** : यदि साँझ ४ बजेदेखि राति ९ बजेसम्म ग्रिडमा सौर्य ऊर्जा पठाउँदा पुरस्कार (क्रेडिट) प्राप्त हुन्छ।

माथि उल्लेख गरिएको निःशुल्क सीमा रकम, शुल्क लाग्ने समय र पुरस्कार समय Ausgrid द्वारा निर्धारण गरिएका हुन्। तर, तपाईंको बिजुली विक्रेताले फरक समय र सीमाहरू निर्धारण गर्न सक्ने भएकाले यी कुराहरु विक्रेता अनुसार फरक हुन सक्छन्।

## दुई तर्फी मूल्य निर्धारण किन महत्वपूर्ण छ?

बिजुली सञ्जालमा परिवर्तन भइरहेको छ र धेरै मानिसहरूले सौर्य ऊर्जा ग्रिडमा निर्यात गरिरहेका छन्। यसले बिजुली सञ्जालका लागि नयाँ चुनौतीहरू सिर्जना गर्दछ। दुई तर्फी मूल्य निर्धारणले सौर्य ऊर्जा निर्यातलाई व्यवस्थापन गर्छ र भविष्यका लागि सञ्जाल तयार पार्न मद्दत गर्छ। यसले सबै ग्राहकका लागि बिजुली सञ्जाललाई सुरक्षित र भरपर्दो राख्न सक्षम बनाउँछ।

## के सबै खुद्रा विक्रेताले दुई तर्फी मूल्य निर्धारण प्रदान गर्नेछन्?

दुई तर्फी मूल्य निर्धारण उपलब्ध गराउने कि नगराउने निर्णय हरेक बिजुली विक्रेताले आफैं गर्ने हो। केही विक्रेताले यो सेवा दिन सक्छन् भने केहीले नदिन सक्छन्। थप जानकारीका लागि आफ्नो बिजुली विक्रेतासँग सम्पर्क गर्नुहोस् वा **energymadeeasy.gov.au** मार्फत ऊर्जा विक्रेताहरूको तुलना गर्न सक्नुहुन्छ।

## मैले दुई तर्फी मूल्य निर्धारणको बारेमा जानकारी  कहाँ पाउन सक्छु?

तपाईंले मूल्य निर्धारणबारे जानकारी लिनको लागि आफ्नो बिजुली खुद्रा विक्रेतासँग सम्पर्क गर्नुहोस्। उनीहरूको सम्पर्क विवरण तपाईंको बिजुली बिलमा दिइएको हुन्छ।विक्रेताले भाषा अनुवाद सेवा पनि दिन सक्छन्।तपाई यो वेबसाइटमा पनि जान सक्नुहुन्छ ausgrid.com.au/twowaypricing

जब तपाईंलाई दोभाषे चाहिन्छ,
131 450 मा फोन गर्नुहोस्

For more information visit
**ausgrid.com.au/TwoWayPricing**

Ausgrid